**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०१ दिसम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

- भारतीय दूर संचार नियामक प्राधिकरण ले जमगज संदेशहरुका प्रेशकहरू बारे पत्तो लगाउन धेरै उपाय हरु लागु गरेको छ।
- बंगालका वरिष्ठ डाक्टरहरूको समूहले पश्चिम बंगाल मेडिकल काउन्सिलको वैधता अनि भ्रष्टाचारबारे चिन्ता व्यक्त गर्नु भएको छ।
- आज विश्व एड्स दिवस मनाइन्दैछ।
- दार्जिलिङका विधायक निरज जिम्बाले केन्द्र सरकारले गोर्खा मुद्दाको स्थायी समाधानको वाचा गरे पनि कार्यान्वयन नभएको बताउनु भएको छ।
- मिरिकको आले खेलमैदान नजिकको धुप्पीघारीमा आज देखि इको ट्रेल सुरू भएको छ।

**ट्राई**

सरकारले घोषणा गरेको छ भारतीय दूरसंचार नियामक प्राधिकरण, ट्राई-ले टेक्स्ट सन्देशहरूको सुरक्षित ट्रान्समिशन अनि वाणिज्यिक सन्देशहरूको प्रेषकहरूको पत्तो लगाउन सुनिश्चित गर्नको निम्ति धेरै उपाय लागू गरेको छ। सन्देश ट्रेसेबिलिटीमा सुधार गर्नको निम्ति ट्राईले अगस्तमा ट्रेसेबिलिटी दिशा निर्देश जारी गरेको थियो। दिशा निर्देशहरूको अनुपालनको निम्ति कम्पनीहरूलाई २८ अक्तूबरसम्मको समय सीमा दिएको थियो यद्यपि तकनिकी उन्नयनको निम्ति समय सीमालाई ३० नवम्बरसम्म बढ़ाइएको थियो। संचार मन्त्रालयले भनेको छ, प्रयासहरूको परिणाम स्वरूप २७ हजारभन्दा अधिक प्रमुख संस्थानहरूले पहिलेबाटै सम्बन्धित एक्सेस प्रदाताहरूसित आफनो श्रृंखला पंजीकृत गरिसकेको छ अनि अघिल्लो पंजीकरण तीव्र रूपमा चलिरहेको छ। एक्सेस प्रदाता ती प्रमुख संस्थाहरू अनि टेलीमार्केटर्सलाई चेतावनी नोटिस जारी गरिरहेको छ जसले अहिलेसम्म आवश्यक परिवर्तन लागू गरेको छैन। मन्त्रालयले भनेको छ, ११ दिसम्बरदेखि त्यस्ता सन्देशलाई रद्द गरिनेछ जसमा टेलीमार्केटर्सको श्रृंखला परिभाषित नभएको वा पूर्व-निर्धारित श्रृंखलासित मेल हुदैन। प्रमुख संस्थाहरू, पी.ई अनि टेलीमार्केटस्, टी.एमसित श्रृंखलाको घोषणामा तीव्रता ल्याउने आग्रह गरिएको छ किनभने ट्रेसेबिलिटी नियमहरूलाई पूरा गर्नमा विफल हुने कुनै पनि सन्देशलाई अस्वीकार गरिनेछ।

****** ० ******

**बंगाल डाक्टर**

बंगालका वरिष्ठ डाक्टरहरूको समूहले पश्चिम बंगाल मेडिकल काउन्सिलको वैधता अनि भ्रष्टाचारबारे चिन्ता व्यक्त गर्नु भएको छ। वरिष्ठ डाक्टरहरूले मुख्य सचिव अनि स्वास्थ्य सचिवलाई पत्र पठाए पनि कुनै प्रतिक्रिया नआएको बताउनु भएको छ। आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा एक महिला डाक्टरको दुष्कर्म अनि हत्याको घटना पछि काउन्सिलले पहिलो बैठक गर्ने तयारी गरेको छ। सोमबार अनि मंगलबार हुने बैठकको आधिकारिक पुष्टि भएको छैन। वरिष्ठ डाक्टरहरूले आर जी कर घटनाको चार महिनाको लामो अन्तराल पछि  बैठक गर्न लागेको भन्दै पश्चिम बंगाल मेडिकल काउन्सिलको आलोचना गरेका छन्। यसबारे राष्ट्रिय मेडिकल काउन्सिललाई पनि जानकारी गराइएको छ।

****** ० ******

**नेपाल चीन विदेश मन्त्री**

नेपालका प्रधानमन्त्री के.पी शर्मा ओली भोलि २ दिसम्बरदेखि ५ दिसम्बरसम्म चीनको भ्रमणमा जानु हुँदैछ। यसै सम्बन्धमा प्रधानमन्त्री के.पी शर्मा ओली स्वयं अनि परराष्ट्र मन्त्री आरजु देउबाले हिज काठमाण्डु स्थित शितल निवास पुगी राष्ट्रपति रामचन्द्र पौडेललाई श्रीमती आरजुको हालैको चीन भ्रमणबारे विस्तृत जानकारी गराउनु भएको थियो। श्रीमती आरजु नेपालका प्रधानमन्त्री के.पी शर्मा ओलीको आगामी चीन भ्रमणको रूपरेखा तयार पार्न चीनको भ्रमणमा जानु भएको थियो। के.पी शर्मा ओलीको यस भ्रमणमा चीनको बी.आर.आई प्रस्तावबारे छलफल मुख्य मुद्दा रहनेछ। बी.आर.आई-द्वारा चीनले नेपाललाई विकास ऋण दिने प्रस्ताव गरेको छ भने नेपाली कंग्रेसल र अन्य दलहरूले बी.आर.आइ मार्फत नेपालले चीनबाट ऋण लिएर फँस्नु हुँदैन भन्ने अड़ान सार्वजनिक गरेका छन्। अर्कोतिर नेकपा एमाले तथा प्रधानमन्त्री के.पी शर्मा ओली

चीनको यस बी.आर.आई प्रस्तावलाई स्वीकार्ने पक्षमा रहेका छन्। यसै सन्दर्भमा प्रधानमन्त्री ओली अथा परराष्ट्र मन्त्री आरजु देउबाले राष्टपति रामचन्द्र पौडेलसित भेट गरी उहाँलाई विस्तृत जानकारी दिएका छन्।

****** ० ******

**पोटेटो ट्रेडर्स**

पश्चिम बंगाल प्रोग्रेसिव पोटेटो ट्रेडर्स एसोसिएशनले मंगलबारदेखि राज्यव्यापी हड्तालको आह्वान गरेको छ। राज्य सरकारले आलुको मूल्यलाई नियन्त्रण गर्न आलु निर्यातमा रोक लगाउँदै राज्यको सीमानाहरुमा आलुका ट्रक रोक्न थालेपछि व्यापारीहरूले हड्तालको निर्णय लिएका हुन्। संघका सचिव लालु मुखर्जीले भन्नु भयो आलु निर्यात रोकिँदा र ट्रकहरू सीमामा फँस्दा नोक्सानी भइरहेको छ। मुख्यमन्त्री ममता बनर्जीले आलुको बढ्दो मूल्यप्रति असन्तोष जनाउँदै २७ नोभेम्बरमा व्यापारीहरूसँग बैठक गर्नु भएको थियो। तरए बजारमा आलु अझै पनि ४० रुपियाँ प्रति किलोमा बिक्री भइरहेको छ।

****** ० ******

**एल.पी.जी**

वर्षको अन्तिम महिनाको पहिलो दिन अर्थात आज १ दिसम्बरदेखि व्यावसायिक ग्यास सिलेन्डरको दरमा एक पल्ट फेरि वृद्धि भएको छ। तेल कम्पनीहरूले आजदेखि १९ किलोको एलपीजी सिलेन्डरको दरमा १६ रूपियाँ ५० पैसाको वृद्धि गरेको छ। दिल्लीमा अब १९ किलो व्यावसायिक ग्यास सिलेन्डरको दर १,८१८.५० रूपियाँ भएको छ। यो लगातार ५ औं महिना हो, जसमा एलपीजी सिलेन्डरको दर बढ़ाइएको छ। राहतको कुरा के छ भने घरेलू ग्यास सिलेन्डरको दरमा कुनै परिवर्तन गरिएको छैन। उल्लेख्य छ, अगस्त २०२३ मा घरेलू एलपीजीको दरमा लगभग १०० रुपियाँको कटौती गरिएको थियो अनि त्यस समयदेखि घरेलू ग्यासको दर स्थिर बनेको छ। दिल्लीमा बिना सब्सिडीको ग्यास सिलेन्डरको दर वर्तमानमा ८ सय ०३ रूपियाँ, कोलकातामा ८ सय २९ रूपियाँ, मुम्बईमा ८ सय ०२ रूपियाँ ५० पैसा अनि चेन्नईमा यो ८ सय १८ रूपियाँ ५० पैसामा बिक्री भइरहेको छ। उज्जवलाका लाभार्थीहरूले यस सिलेन्डरमा ३०० रूपियाँको सब्सिडी पाउँछन्।

****** ० ******

**निरज जिम्बा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका महासचिव अनि दार्जिलिङका विधायक निरज जिम्बाले टिप्रासा समुदायको आकांक्षालाई सम्बोधन गर्न केन्द्र सरकारले हालै अघि सारेको टिप्रासा समझौताको पहल प्रशंसनीय रहेको तरए यसले भारतीय गोर्खाहरू प्रति लगातार हुने बेवास्तालाई अझ प्रस्ट्याउँने बताउनु भएको छ। यस विषयमा एउटा प्रेस बिज्ञप्ति साझा गर्दै उहाँले बीजेपीले २००९, २०१४, र २०१९ को संकल्प पत्रमा गोर्खा मुद्दाको स्थायी समाधानको वाचा गरे पनि कार्यान्वयन नभएको उल्लेख गर्नुभएको छ। उहाँले वचन दिने समय सकिएको र अब समाधानको समय आएको भन्दै गोर्खा मुद्दा सम्बोधन नगर्दा राजनीतिक र सामाजिक चुनौती उत्पन्न हुने बताउनु भएको छ।

****** ० ******

**विन्टर फेस्टिवल**

दार्जीलिङ हिमालयन रेलवेको घूम विन्टर फेस्टिवल आजदेखि आरम्भ गरिएको छ। यस फेस्टिवलमा विभिन्न प्रकारका सुविधाजनक अनि आम मानिसहरूलाई लाभान्वित हुने विषयहरू राखिएको छ। यहाँ मानिसहरूको स्वास्थ्य जाँचका निम्ति दिसन अस्पतालका विशेषज्ञहरू आएर नि: शुल्क रूपमा सेवाहरू पुर्याइरहेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**एड्स दिवस-सिलगड़ी**

आज विश्व एड्स दिवस को अवसरमा खालपाड़ा आउटपोस्ट को पहल अनि स्वयंसेवी संगठन को सहयोगद्वारा आज यौनकर्मीहरुका लागि निःशुल्क स्वास्थ्य जांच शिविरको आयोजन गरियो। शिविर को माध्यमबाट यौनकर्मीहरुलाई स्वास्थ्य जांच पछि आवश्यक दवाईहरु पनि वितरित गरियो। शिविर मा सिलगड़ी थाना प्रभारी, खालपाड़ा आउटपोस्ट का ओसी तथा सिलगड़ी मेट्रोपोलिटन पुलिस का अन्य अधिकारीगण उपस्थित थिए। यस अवधि स्वयंसेवी संगठन को तर्फबाट यौनकर्मीहरुलाई जागरूक गराउँदै एड्स को बीमारी असुरक्षित यौन संबंध, एड्स रोगीबाट अन्य मानिसलाई रक्तदान गर्दा तथा संक्रमित गर्भवती आमाबाट उसको नानीमा संक्रमण हुन सक्ने बारे जानकारी दिइयो। एड्स को बीमारी रोगीले खोक्दा, हाथ मिलाउँदा तथा सँगै बसेर खाना खाँदा

नफैलिने जस्ता कुराहरु बारे पनि जागरुक गराइयो। यसको साथै एड्स को कारण तथा बचाव बारे पनि यौनकर्मीहरुलाई जानकारी दिइयो।

****** ० ******

**मिरिक इको ट्रेल**

मिरिकको आले खेलमैदान नजिकको धुप्पीघारीमा आज देखि इको ट्रेल सुरू भएको छ। उद्धाटन मिरिक महकुमा शासक तेन्जी सिमकी ओगेनले गर्नुभयो। डीएफओ देवाशिष पाण्डेले वन संरक्षणए पर्यटन विकासए अनि स्थानीय रोजगारका लागि इको ट्रेल सुरू गरिएको बताउनुभयो। यसलाई स्थानीय स्वनिर्भर दल तथा फुवागढी जोइन्ट फरेष्ट मेनेजमेन्ट कमिटिले सञ्चालन गर्नेछ। मिरिक इको ट्रेलमा प्लास्टिक निषेध गरिएको छद्य इको ट्रेलमा जातीय खानपान तथा फूलहरू उपलब्ध हुनेछ। यस ट्रेलले मिरिकको पर्यटन विकासमा योगदान पुर्याउने र स्थानीयलाई रोजगार दिने विश्वास व्यक्त गरिएको छ। मिरिकको मुख्य आकर्षण झील अनि हेलीप्याडसँगै इको ट्रेल थप आकर्षण बनेको छ।

****** ० ******

**बलाबास पूल**

बलाबास पूल आजबाट पूनः संचालनमा आएको हाम्रो पार्टी अध्यक्ष अजय एडवाडर्सले जानकारी दिनु भएको छ । सिंगताम चिया बगानको फेदीमा रहेको बलाबास खोला माथि ब्रिटिसकालिन पूल श्री एडवर्डसको सहयोगमा निर्माण भएको थियो तर बिगतमा परेको बेमौसम झरीका कारण पुलको केही अंश क्षति भएको थियो।क्षति भएको भागलाई पुनः निर्माण गरि आजदेखि यातायात शुरु भएपछि स्थानीयहरु हर्षित बनेका छन। यस्तोमा श्री एडवर्डसले एक भिडियो मार्फत जीटीए सरकारप्रति कटाक्ष गर्दै जीटीएसंग पूल निर्माण गर्ने त होइन भत्काउने पैसा समेत नरहेको बताउनु भयो। सिंगतामएसोमएचुङथुङ चिया बगानको फेदमा रहेको बलाबास पूल यी क्षेत्रका मानिसहरूको निम्ति जीवनरेखा भएको हुनाले स्थानीय मानिसहरूले विगत धेरै बर्ष अघिदेखि पूलको जीर्णद्वार एंव निर्माणको गुहारहरू लगाउँदै आएका थिए तर कसैले ध्यान नदिएको कारण श्री एडवर्डसको सहयोगमा उक्त पुल निर्माण भएको थियो। श्री एडवर्डसको सहयोग अनि स्थानीयहरुको श्रमदानमा निर्माण भएको उक्त पुलमा राजनीतिक बयानबाजी समेत भइरहेको थियो।

****** ० ******

************